| ऐन संख्या :- | ७ |
|---|---|

# चौविसे गाउँपालिकाको आर्थिक ऐन,

# २०७५

| सभाबाट स्वीकृत मिति :- | २०७५/०३/२२ |
|---|---|

चौविसे गाउँपालिका
धनकुटा जिल्ला
१ नं. प्रदेश

Scanned with CamScanner

## प्रस्तावनाः

चौबिसे गाउँपालिकाको अर्थ व्यवस्थालाई मजबुद पारी भविष्यमा दिगो आर्थिक विकास गर्नका निमित्त एकृकित सम्पति कर, स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना समेत संकलन गर्ने, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को खण्ड (ङ) बमोजिम चौबिसे गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "**चौबिसे गाउँपालिकाको आर्थिक ऐन, २०७५**" रहेको छ।
   (२) यो ऐन २०७५।०४।०१ गतेदेखि नै चौबिसे गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **सम्पति करः-** चौबिसे गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर ( एकिकृत सम्पत्ति कर) लगाइ असूल उपर गरिनेछ।

३. **घर/जग्गा वा लिखत रजिष्ट्रेशन पारित शुल्कः-** यस गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्ति वा कुनै प्रकारको लिखत रजिष्ट्रेशन पारित गर्दा अनुसूचि (२) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असूल उपर गरिनेछ।

४. **घर वहाल करः-** चौबिसे गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा ब्यापारिक भवन, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **ब्यवसाय करः-** चौबिसे गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापना भएका उद्योग, कुनै ब्यापार, ब्यवसाय वा सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने वा निकायलाई ब्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचि (४) बमोजिम ब्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **बन पैदावर जन्य उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु र गिट्टीढुङ्गा बालुवा/माटो करः-** यस चौबिसे गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले खोटो, जडिबुटी, बनपैदावर जन्य उत्पादन, गिट्टीढुङ्गा बालुवा/माटो, बनकस, कवाडी माल, ऊन र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर, प्वाँख, छाला, दारा/दात र अखेटोपहार जस्ता बस्तुको ब्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

   तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लेखित ब्यवस्था लागू हुने छैन।

७. **ट्राभल/ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, होमस्टे र र्‍याफ्टीङ्ग शुल्कः-** यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रभल/ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, होमस्टे र र्‍याफ्टीङ्ग सेवा वा ब्यवसाय सञ्चालन गरेवारत अनुसूचि (६) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. **पर्यटन शुल्कः-** यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (७) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. **बहाल बिटौरी शुल्कः-** यस गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ती वा पाटीपौवामा हाटवजार वा पसल वा विशेष मेला पर्व जत्रामा सोही अनुसूचि (८) मा भएको ब्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सवारी साधन करः-** यस गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (९) बमोजिम सवारी साधन कर तथा तोकिएको स्थानमा सवारी पार्किङ्ग शुल्क वा कर लगाइने र असुल उपर गरिनेछ।



Scanned with CamScanner

११. **मनोरन्जन करः-** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (१०) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **विज्ञापन करः-** यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (११) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः-** यस गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **कर छुटः-** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **जरिवानाः-** यस गाउँ पालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक फुटपाथमा व्यापार व्यवसाय गर्ने सवारी साधन पार्किङ्ग गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गरे गराएमा अनुसूचि (१३) बमोजिम जरिवाना असूल गरिनेछ।

१६. **नियम वा कार्यविधि बनाउँन सक्नेः-** यस गाउँपालिकाले यो ऐनमा भएको व्यवस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक नियम तथा कार्यविधिहरु निर्माण लागू गर्न सक्ने छ।

१७. **विविध :** यस ऐनमा उल्लेख नभएको विषाय/क्षेत्रको सन्दर्भमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेर दर निर्धारण गरिने छ ।

१८. **बाँझिएको हदमाः-** संविधान बमोजिम संघ तथा प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ। यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

अनुसूचि-१

दफा (२) सँग सम्बन्धित

घरजग्गा कर (एकिकृत सम्पत्ति कर)

एकिकृत सम्पति करको मुल्यंकनको आधार:

| सि.नं. | घरको प्रकार | व्यापारिक क्षेत्रमा प्र.व.फिट | आवाशिय क्षेत्रमा प्र.व.फिट | |
|---|---|---|---|---|
| १. | आर.सि.सि घर | ५००।० | ३००।० | |
| २. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको भार वहन क्षमता भएको ग्राहो | ४००।० | २००।० | |
| ३. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको ग्राहो भएको जस्ता वा टालीको छाना | ३००।० | १५०।० | |
| ४. | काठको खम्बा र इटाले घेरेको वा जस्ताको वारा र छाजा भएको, जस्ता वा टालीको छाना भएको घर | २००।० | १००।० | |
| ५. | काठैकाठबाट बनेको जस्ताको छाना भएको घर | १५०।० | ७५।० | |
| ६ | बासको बेरा भएको टिन बा टाली वा खरको छाना भएको घर | १००।० | ५०।० | |
| ७. | ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु. | ५०।० | ३०।० | |

| करयोग्य सम्पत्तिको मूल्य | दर रु.(वार्षिक) |
|---|---|
| एक लाख सम्मको करयोग्य सम्पत्तिको लागी | ५०।०० |
| एक लाख भन्दा माथि १० लाख सम्मको प्रति लाख थप | १५।०० |
| दश लाख माथि २० लाख सम्मको प्रति लाख | २०।० |
| वीस लाख भन्दा माथि ३० लाख सम्मको प्रति लाख | २५।० |
| तीस लाख भन्दा माथि ४० लाख सम्मको प्रति लाख | ३०।० |
| चालिस लाख माथि पचास लाख सम्मको प्रति लाख | ३५।० |
| पचास लाख माथि ६० लाख सम्मको प्रति लाख | ४०।० |
| ६० लाख माथि सत्तरी लाख सम्मको प्रति लाख | ४५।० |
| सत्तरी लाख माथि असी लाख सम्मको प्रति लाख | ५५।० |
| असी लाख नव्वे लाख सम्मको प्रति लाख | ६५।० |
| नव्वे लाख माथि एक करोड सम्मको प्रति लाख | ७५।० |
| एक करोड देखी माथि एक करोड पचास लाख सम्मको प्रति लाख | १००।० |
| एक करोड पचास लाख देखी दुई करोड सम्मको प्रति लाख | १५०।० |
| दुई करोड माथि २ करोड ५० लाख सम्मको प्रति लाख | २००।० |
| २ करोड ५० लाख माथि ३ करोड सम्मको प्रतिलाख | ३००।० |
| तिन करोड माथि चार करोड सम्मको प्रतिलाख | ४००।० |
| चार करोड एक देखी पाँच करोड सम्मको प्रतिलाख | ५००।० |
| पाँच करोड एक देखी माथि प्रति लाख | १०००।० |



Scanned with CamScanner

यसमा ब्यवस्था भएको मुल्याङ्कन दर यसै बमोजिम र गत आ.ब.हरुको हकमा समेत यसै मुल्याङ्कन दरको आधारमा कर निर्धारण गरिनेछ।

आ.ब.२०७५/०७६ को असोज मसान्तसम्ममा कर दाखिला गर्ने करदाताहरुलाई कुल कर रकमको १० प्रतिशत छुट गरिनेछ।

१. चौबिसे गाउँपालिका क्षेत्रभित्र एक ब्यक्तिको नाममा दर्ता भएको घर तथा जग्गाहरु समेतलाई एक यूनिट मानि कर निर्धारण गरिनेछ।

२. घर जग्गा मुल्याङ्कनको लागि जग्गाको क्षेत्रफल १ रोपनी सम्म भएमा सम्पूर्ण जग्गा घरजग्गा कर निर्धारणमा समावेश गर्ने सो भन्दा बढि क्षेत्रफल भएको हकमा भवन वा घरले चर्चेको क्षेत्रफलको दुई गुणासम्मको जग्गामात्र मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ।

३. जुनसुकै प्रकारबाट घर जग्गाको हक हस्तान्तरण हुँदा गाउँपालिकाले गरेको मुल्याङ्कन भन्दा लिखतको मुल्य घटी गरी कर निर्धारण गरिने छैन। गाउँपालिकाले गरेको मुल्याङ्कन भन्दा बढी भएको खण्डमा नगर सभाले स्वीकृत गरेको दरको आधारमा घरजग्गाको मुल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

४. भवन निर्माणको स्थलगत अवस्थालाई आधारमानी घरजग्गा कर निर्धारण गरिनेछ। घरजग्गा कर निर्धारण गर्दा देहायमा उल्लेखित कागजातहरु सम्लग्न गर्नु पर्नेछः-

क. जग्गाधनी दर्ता प्रमाण पूर्जा-१

ख. नापी नक्साका प्रतिलिपि-१

ग. दर्तावालाको नागरिकताको प्रमाणपत्र-१

घ. कुनै निकायबाट प्राप्त भएका विशेष प्रकारका निस्सा वा प्रमाण भएमा सो को प्रतिलिपि कागजहरु-१

५. भवन निर्माणको स्थलगत अवस्थालाई आधारमानी घरजग्गा कर निर्धारण गरिनेछ।

(क) <u>जग्गाको मुल्य प्रतिरोपनी:-</u> (सावकमा कायम रहेका गा.वि.स.हरुका वडा नं.हरुको छुट्टा छुट्टै हुने गरी मुल्याङ्कन तय गरिएको)

चौविसे गाउँपालिका १ नं. वडा कार्यालय बुधबारे

| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
|---|---|---|---|
| १ | सौरे बजार भित्रका आसपासका जग्गाहरु | ९०००००१०० | |
| २ | पाड्मी चौक बाटो आसपासका जग्गाहरु | २७५०००१०० | |
| ३ | ठयाङ चौक बाटो आसपासका जग्गाहरु | २७५०००१०० | |
| ४ | पोखरी बाटो आसपासका जग्गाहरु | ६७५०००१०० | |
| ५ | बुधबारे बजार आसपासका जग्गाहरु | १६७५०००१०० | |
| ६ | लेटाङ रवि जाने बाटो आसपासका जग्गाहरु | ११७५०००१०० | |
| ७ | सौरे फेदाबजुङ्ग हुदै भुते दह जाने बाटो आसपासका जग्गाहरु | ११२५००१०० | |
| ८ | सोरे फेदाबजुङ्ग भित्रका जग्गाहरु | ५००००१०० | |
| ९ | साविक ५,६,७,८ हुने बाटोका आसपासका जग्गाहरु | ११२५००१०० | |
| १० | साविक ५,६,७,८ भित्रका जग्गाहरु | १८७५०१०० | |
| ११ | साविक ३,४ आसपास रिङ्गरोडका जग्गाहरु | २०००००१०० | |
| १२ | गुरुङ गाउं गडेरे भित्रका जग्गाहरु | १०००००१०० | |
| १५ | कुनै पनि सडकले नछोएका खेती पाखा बारी जग्गाहरु | ५००००१०० | |

| चौविसे गाउँपालिका २ नं. वडा कार्यालय मुडेबास | | | |
|---|---|---|---|
| सि.नं. | विवरण | कायम हुन आएको प्रति रोपनी करयोग्य मुल्य | कैफियत |
| १ | लकासती ६ नं. बुधबारे सडकले छोएका जग्गाहरु ३० मिटर भित्र | ३०००००।०० | |
| २ | लकासती ६ नं. बुधबारे सडकले नछोएका जग्गाहरु | ६३५०००।०० | |
| ३ | लाप्से टोकोम्बा कुरुलेतेनुपा सडकले छोएका जग्गाहरु ३० मिटर भित्र | ३०००००।०० | |
| ४ | लाप्से टोकोम्बा कुरुलेतेनुपा सडकले नछोएका जग्गाहरु | ३०००००।०० | |
| ५ | अन्य शाखा सडकले छोएका जग्गाहरु | ५५००००।०० | |
| ६ | कुनै पनि सडकले नछोएका खेती योग्य अन्य जग्गाहरु | २०००००।०० | |
| ७ | कुनै पनि सडकले नछोएका पाखा बारी अन्य जग्गाहरु | १०००००।०० | |
| ८ | शुकबारे बजार देखि प्रहरी चोकीको नयाँ भवन सम्मका जग्गा (टोकोम्बा-शुभकामना-भिरगाउँ सडक खेउका ३० मिटर भित्रका जग्गाहरु) | ५०००००।०० | |
| ९ | लाफा चोक मुख्य बाटोको ३० मिटर भित्रका जग्गा | ६०००००।०० | |

| चौविसे गाउँपालिका ३ नं. वडा कार्यालय कुरुले तेनुपा | | | |
|---|---|---|---|
| सि.नं. | विवरण | कायम हुन आएको प्रति रोपनी करयोग्य मुल्य | कैफियत |
| १ | लाप्से टोकोम्बा कुरुले सडकको मुखले छोएका ३० मिटर भित्रका (गाँढ़ गाउँ र सहकारी क्षेत्रका जग्गाहरु) | १५०००००।०० | |
| २ | लाप्से टोकोम्बा कुरुले सडकको मुखले छोएका बाँकी स्थानका जग्गाहरु | ५००००।० | |
| ३ | लाप्से टोकोम्बा कुरुले सडकको मुखले नछोएका जग्गाहरु | २००००।०० | |
| ४ | ठुली भन्ज्याङ सोगुम गढीगाउँ सडकले छोएका जग्गाहरु | १५०००।०० | |
| ५ | सबै वडाका ग्रामिण सडकले छोएका जग्गाहरु | १५०००।०० | |
| ६ | कुनै पनि सडकले नछोएका खेती योग्य अन्य जग्गाहरु | ७०००।०० | |
| ७ | कुनै पनि सडकले नछोएका पाखा बारी अन्य जग्गाहरु | ७०००।०० | |

| चौविसे गाउँपालिका ४ नं. वडा कार्यालय कुरुलेतेनुपा | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | काबेली सडकले छोएको फलामेटार र डिहिटारका ३० मिटर भित्रका जग्गाहरु | ३००००००।०० | |
| २ | काबेली सडकले छोएको फलामेटार र डिहिटारका ३० मिटर बाहिरका जग्गाहरु | २००००००।०० | |
| ३ | काबेली सडकले छोएको भैंसेका ३० मिटर भित्रका जग्गाहरु | २०००००।० | |
| ४ | भैंसे क्षेत्रका सडकले नछोएका जग्गाहरु | १५०००।० | |
| ५ | फलामेटारको सिंचाई नहुने जग्गाहरु | ५०००।० | |
| ६ | सिस्ने कुरुले यावरा दोभान सडकले छोएका जग्गाहरु | १५०००।० | |
| ७ | मानेडांडाको १०० मिटर आसपासका जग्गाहरु | २००००।० | |
| ८ | मानेडांडा १०० मिटर बाहिरका थर्पु सम्मका जग्गाहरु | १५०००।० | |
| ९ | वडा भित्रका ग्रामिण सडकले छोएका/नछोएका खेतीयोग्य सबै जग्गाहरु | १००००।० | |
| १० | डिहिटार मुनी छब्विसे खेतीयोग्य जग्गाहरु | १०००००।० | |
| ११ | भिर पाखा | ७०००।० | |



Scanned with CamScanner

## चौविसे गाउँपालिका ५ नं. वडा कार्यालय बोधे

| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
|---|---|---|---|
| १ | मौनाबुधुक बोधे कृषि सडकले छोएका (सिमाना चोक देखि चौवाटे सम्मका ३० मिटर भित्रका) जग्गाहरु | २००००।०० | |
| २ | बोधे डाडांगाउं बजमाई हंस मोरङ्ग सडकले छोएका (पिपलडांडा देखि भक्त देवानको घर सम्मका) जग्गाहरु | २००००।०० | |
| ३ | बजमाइ मावि आसपासका १०० मिटर भित्रका र रेडक्रस देखि ढुङ्गानाको घर छेउको खोल्सि सम्मका जग्गाहरु | १५०००।० | |
| ४ | कावेली मार्गले छोएका मुर्कुटे देखि हंशमोरङ्ग सम्मका ३० मिटर क्षेत्रभित्रका जग्गाहरु | ३००००।०० | |
| ५ | कावेली मार्गले छोएका बांकी खेतीयोग्य जग्गाहरु | २००००।०० | |
| ६ | चौवाटे देखि तामाङ्ग गाउं सम्मका सडकले छोएकाजग्गाहरु | १५०००।० | |
| ७ | डांडाखर्क देखि बजमाई सम्मका सडकले छोएका जग्गाहरु | ५०००।० | |
| ८ | चौवाटे लातप्पा सिस्ने सडकले छोएका (चौवाटे देखि लक्ष्मि गाखाको घर सम्मका जग्गाहरु) | २५००।० | |
| ९ | चौवाटे देखि सिमडांडा जाने सडकले छोएका जग्गा | २५०००।०० | |
| १० | हमेला आहाल देखि डेडराज वनको घर सम्मका जग्गाहरु | १५०००।० | |
| ११ | हमेला आहाल देखि घिमिरे टोल जाने वाटो (साधुको घर सम्मका) ले छोएका जग्गाहरु | १००००।०० | |
| १२ | हमेला आहाल देखि साम्पाङ्गे टोल सम्मका सडकले छोएका जग्गाहरु | २५००।० | |
| १३ | हमेला आहाल देखि वडा कार्यालय आउने सडकले छोएका जग्गाहरु | २५००।० | |
| १४ | अन्य ग्रामिण शाखा सडकले छोएका जग्गाहरु | २०००।० | |
| १५ | सडकले नछोएका खेतीयोग्य जग्गाहरु | १५००।० | |
| १६ | सडकले नछोएका भिर पाखा वगर जग्गाहरु | ७००।० | |

## चौविसे गाउँपालिका ६ नं. वडा कार्यालय राजारानी

| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
|---|---|---|---|
| १ | मेन सडकले मुख छोएको ३० मिटर आसपासका हात्तिटार देखि ढुसेनी घुम्ति सम्मका जग्गाहरु | ९००००।०० | |
| २ | मेन सडकले मुख छोएको ३० मिटर वाहिरका हात्तिटार देखि ढुसेनी घुम्ति सम्मका जग्गाहरु | २००००।०० | |
| ३ | ढुसेनी देखि मिलन चोक आसपासका १०० मिटर वाहेकका जग्गाहरु | ४००००।०० | |
| ४ | मिलन चोक आसपासका १०० मिटर क्षेत्रभित्र जग्गाहरु | ९००००।०० | |
| ५ | भुंडे चोक देखि धाराचोक ओखरवोटे सम्मका मेन सडकले छोएका ३० मिटर भित्रका जग्गाहरु | २०००००।०० | |
| ६ | ओखरवोट देखि थाप्रोङ सम्मका मेन सडकले छोएका जग्गाहरु | ४००००।०० | |
| ७ | थाप्रोङ्ग र कोर्णा बजार १०० मिटर आसपासका जग्गाहरु | ५००००।०० | |
| ८ | भुंडे चोक देखि धाराचोक ओखरवोटे सम्मका मेन सडकले छोएका ३० मिटर वाहिरका जग्गाहरु | ५००००।०० | |
| ९ | मिलनचोक देखि कटुवाल गाउं हुदै धाराचोक सम्मका रिङ्ग रोडले छोएका ३० मिटर भित्रका जग्गाहरु | ३००००।०० | |
| १० | वडा भित्रका अन्य शाखा सडकले छोएका जग्गाहरु | १५०००।०० | |
| ११ | वडा भित्रका अन्य शाखा सडकले नछोएका खेतीयोग्य जग्गाहरु | १००००।०० | |
| १२ | माथि उल्लेख गरिए वाहेकका भिर पाखा जग्गाहरु | ५०००।०० | |
| १३ | धाराचोक अठारसय सडकले छोएका ३०० मिटर लम्वाई सम्मका जग्गाहरु | ५००००।०० | |

Scanned with CamScanner

| चौविसे गाउँपालिका ७ नं. वडा कार्यालय मौनाबुधुक | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | मौनाबुधुक बजार क्षेत्रका मुल सडकले छोएका ३० मिटर क्षेत्र भित्रका जग्गाहरु | १४००००१० | |
| २ | राजारानी-बुधुक सडकले छोएका ३० मिटर भित्रका सवै जग्गाहरु | १५००००१० | |
| ३ | चौविसे मध्य सडक, धाराचोक गिद्धे अठारसय सडक, बुधुक सिस्ने कुरुले सडक, चादनी चोक पुस्तके सडकले छोएका ३० मिटर क्षेत्र भित्रका जग्गाहरु | १२५०००१० | |
| ४ | वडा भित्रका अन्य सवै शाखा सडकले छोएका ३० मिटर सम्मका जग्गाहरु | १००००००१० | |
| ५ | सडकले छोएका वा नछोएका कृषियोग्य जग्गाहरु | ५००००१०० | |
| ६ | सडकले छोएका वा नछोएका पाखाबारी जग्गाहरु | १२०००१०० | |
| ७ | सडकले छोएका वा नछोएका खोला वगर र पहिरोका जग्गाहरु | ७०००१० | |

| चौविसे गाउँपालिका ८ नं. वडा कार्यालय बसन्तटार | | | |
|---|---|---|---|
| सि.नं. | विवरणत्र | कायम हुन आएको करयोग्य मुल्य | कैफियत |
| १ | ठाडाँगाउँ र लाफा चोकका मेन सडकले छोएका ३० मिटर भित्रका जग्गाहरु | ६०००००१०० | |
| २ | सम्मेवा बजार आसपासका बजार देखि खोलिटार सम्मका ३० मिटर भित्रका जग्गाहरु | १२००००००१०० | |
| ३ | आइतबारे बजार आसपासका एस पि मोड देखि भञ्ज्याङ्ग सम्मका जग्गाहरु | ६०००००१०० | |
| ४ | अठारसय बजार आसपासका ३०० मिटर भित्रका जग्गाहरु | ३५००००१०० | |
| ५ | वडा कार्यालय आसपासका १०० मिटर भित्रका सडकको मुख देखि ३० मिटर सम्मका जग्गाहरु | ३५००००१०० | |
| ६ | सारतोपा चोकको १०० मिटर भित्रका जग्गाहरु | २००००००१०० | |
| ७ | मासिम्टार सडकले छोएका ३० मिटर भित्रका जग्गाहरु | १२५०००१०० | |
| ८ | मासिम्टार सडकले छोएका ३० मिटर वाहिरका खेतीयोग्य जग्गाहरु | १००००००१० | |
| ९ | लाफा चोक आमडाडाँ सडकले छोएका साविक ९ नं. का जग्गाहरु | ५००००१०० | |
| ९ | अठारसय लांगर्चे र भञ्ज्याङ्ग सडकले छोएका सवै जग्गाहरु प्रति रोपनी रु.५०,०००।- र वांकी सवै जग्गाहरु | २५०००१०० | |
| १० | अठार सय कुमाल फांट जाने सडकले छोएका जग्गाहरु | ७५०००१०० | |
| ११ | अठार सय कुमाल फांट जाने सडकले नछोएका खेतीयोग्य जग्गाहरु | २५०००१० | |
| ११ | खेती योग्य अन्य जग्गाहरु | २५०००१०० | |
| १२ | पाखा वारी अन्य जग्गाहरु | १००००१०० | |
| १३ | खोला वगर र भिर | ५०००१० | |



Scanned with CamScanner

अनुसूचि-२

दफा (३) सँग सम्बन्धित

घर/जग्गा वा लिखत रजिष्ट्रेशन पारित शुल्कको दर रेट

चौबिसे गाउँपालिकाको घर/जग्गा वा लिखत रजिष्ट्रेशन पारित शुल्क आवश्यकता र अवस्था अनुसार हेरी गाउँपालिकाले निर्णय गरि तोकिए बमोजिम हुनेछ ।

अनुसूचि-३

दफा (४) सँग सम्बन्धित

घर जग्गा वहाल करको दर रेट

चौबिसे गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा व्यापारिक भवन, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा अंङ्कको १० प्रतिशका दरले बहाल कर लाग्नेछ। सँगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टा गरी दाखिला गर्नुपर्नेछ।

बहाल कर निर्धारण प्रक्रिया:-

१. बहालमा दिएको मितिलाई आधार त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ। तर छोटो अवधिको लागि बहालमा लिएको अवस्थामा सोही बमोजिम दिन/महिना गन्ती गरी बहाल कर बुझाउँनु पर्नेछ।

२. बस्ती तथा बजार क्षेत्रको आधारमा चौबिसे गाउँपालिकाको गाउँ कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ।

३. चौबिसे गाउँपालिकाको गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।

४. कम्पनी, संघ संस्था वा कुनै प्रकारको ब्यवसायिक फर्मको हकमा बहाल कर बुझाउने बखत त्यस्ता करदाताहरुको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

अनुसूचि-४

दफा (५) सँग सम्बन्धित

ब्यवसाय करको दर रेट

पुजीको आधारमा:

१. व्यापारीक बस्तुहरु

(क) चुरोट तथा मदिराजन्य पदार्थ, हार्डवेयर र ज्वेलर्स संग सम्बन्धित बस्तुहरुको व्यापार व्यवसाय (मदिरा र कोल्ड ड्रिंक्स सहितको किराना पंसल समेत)

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाख देखि ५ लाख सम्म | ३००।० |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ५००।० |
| ३. | १० लाख १ देखि २० लाख सम्म | १०००।० |
| ४. | २० लाख देखि ४० सम्म | २०००।० |
| ५. | ४० लाख १ देखि माथी १ करोड सम्मको | ५०००।० |
| ६. | १ करोड माथि पूंजी भएको व्यवसायको लागि | ८०००।० |



Scanned with CamScanner

(ख) क्यामेरा, टेलीभिजन, मोबाईल, चस्मा लगायतका विद्युतिय सामग्री (सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरू)

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | ५ लाख सम्म | ५००। |
| २. | ५ लाख १ देखि २० लाख सम्म | ८००। |
| ३ | २० लाख १ देखि १ करोड सम्म | १५००। |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | ४५००। |
| ६. | ५ करोड १ देखि माथी | ७०००। |

(ग) ट्याक्टर विकी, कार जीप, अटोमोवाइल्स, मोटरपार्टस, मोटरसाईकल, मिल,मेशिनरी, आदि )

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाख सम्म | ५००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ८००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | १३००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | २५००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ३६००। |
| ६. | १ करोड १ देखि माथी | ६०००। |

(घ) किताव, कापी तथा स्टेशनरी संग सम्बन्धित व्यवसाय (औषधि पसल र किराना व्यवसाय समेतको हकमा)

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | ५० हजार सम्म | २००। |
| २. | ५० हजार १ देखि १ लाख सम्म | ३००। |
| ३. | १ लाख १ देखि ३ लाख सम्म | ५००। |
| ४. | ३ लाख १ देखि ५ लाख सम्म | ७००। |
| ५. | ५ लाख १ देखि २० लाख सम्म | ११००। |
| ६. | २० लाख १ देखि २५ लाख सम्म | १५००॥ |
| ७. | २५ लाख १ देखि माथि | २५००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा ( कृषि फार्म, गाई पालन, सूंगूर पालन, बाखा पालन व्यवसाय आदी । (कृषि सामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर, कूखूरा दाना, पशूपंक्षी आहार)

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाखसम्म | २००। |
| २. | १ लाख देखि ३ लाख सम्म | ३००। |
| ३. | ३ लाख देखि ५ लाख सम्म | ५००। |
| ४. | ५ लाख देखि २० लाख सम्म | १२००। |
| ५. | २० लाख देखि माथी | ३०००। |

(च) शिसा, फ्रेमिङ, कार्टपेट, सजावटका सामान र जनरल गूड्स आदी

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाखसम्म | ३००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | ७००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | १२००। |
| ५. | २० लाख देखि माथी । | ३०००। |

Scanned with CamScanner

(छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १ | १ लाख देखि ३ लाख सम्म | ३००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३ | ५ लाख १ देखि १५ लाख सम्म | ८००। |
| ४ | १५ लाख देखि ३० लाख सम्म | १२००। |
| ५ | ३० लाख १ देखि १ करोड सम्म | २५००। |
| ६ | १ करोड देखि ५ करोड सम्म | ४५००। |
| ७ | ५ करोड देखि माथि | ७०००। |

## २. विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा:

(क) चिकित्सक, अहेव, कविराज, होमियोपेथिक, आयुर्वेदिक, पशु डाक्टर, भेटरीनरी, सर्जिकल लगायत स्वस्थ्य संग सम्बन्धित व्यवसायहरू

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १ | एम.डी. डाक्टरलाई | २०००। |
| २ | एम.वि.वि.एस., पशु डाक्टर | १०००। |
| ३ | पशु सहायकलाई | ५००। |
| ४ | कविराज, होमियोपेथिक, आयुर्वेदिक डाक्टर | १०००। |
| ५ | सर्जिकल सामान खुद्रालाई | १०००। |
| ६ | औषधीपसल थोकलाई | ३०००। |
| ७ | सर्जिकल सामान थोक | ३०००। |
| ८ | भिडियो एक्सरे | २०००। |
| ९ | कविराज, होमियोपेथिक, आयुर्वेदिक अहेव | १०००। |
| १० | शारिरीक व्यायाम सामाग्री विक्रि | १०००। |

(ख) टेलि चलचित्र, वृत्तचित निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि ।

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाख देखि ३ लाखसम्म | ३००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | १२००। |
| ४. | १५ लाख १ देखि ५० लाख सम्म | २०००। |
| ५. | ५० लाख १ देखि १ करोड सम्म | २५००। |
| | १ करोड १ देखि ५ करोड सम्म | ३०००। |
| ६. | ५ करोड देखि माथी | ४०००। |

### (ग) केवल नेटवर्क

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | ५०० सम्म ग्राहक भएको | ३०००। |
| २. | ५०० देखि १००० सम्म ग्राहक भएको | ५०००। |
| ३. | १००० भन्दा माथि ग्राहक भएकाको हकमा | प्रति ग्राहक रु १.५। |

### घ) लेखापरीक्षक

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | श्रेणी क | २०००। |
| २. | श्रेणी ख | १२००। |
| ३. | श्रेणी ग | ५००। |
| ४. | श्रेणी घ | ३००। |



Scanned with CamScanner

### ङ) कानून व्यवसायी

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | वरिष्ठ अधिवक्ता | २०००। |
| २. | अधिवक्ता | १२००। |
| ३. | अभिवक्ता | ५००। |
| ४. | लेखापढी व्यवसाय | १०००। |

### च) अन्य सेवाहरू वा फर्म

| सि.नं. | विवरण | निर्धारित रकम रु.( वार्षिक) | सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|---|---|---|
| १. | बिमा एजेन्ट विदेशी | ३०००। | ४. | सेयर दलाल | ३०००। |
| २. | बिमा एजेन्ट स्वदेशी | २०००। | ५. | अभिकर्ता | ५००। |
| ३. | विज्ञापन ऐजेन्सी | २०००। | ६. | कानूनी फर्म | २०००। |

### छ) निर्माण व्यवसाय

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | श्रेणी क | ३०००। |
| २. | श्रेणी ख | २०००। |
| ३. | श्रेणी ग (भवन निर्माणकर्ता ठेक्केदार समेत) | १०००। |

### ज) कूटानी पिसानी व्यवसायहरूको हकमा

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | ३००। | |
| २. | कूटानी पिसानी पेलानी | ५००। | |
| ३. | कूटानी पिसानी पेलानी चियरा समेत | ८००। | |
| ४ | कुटानी पिसानी पेलानी चिउरा मसला बेसार | १२००। | |
| ५ | कूटानी पिसानी पेलानी तथा विक्रि वितरण | १५००। | |
| ६ | चीरानी हाते मेशिन (चेन स मेशिन) व्यवसायी | १०००। | |
| ७ | दर्ता प्रमाण | २५०। | |

### झ) उत्पादनमुलक उद्योग

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो: खेर गईरहेको प्लास्टीकबाट सामान निमार्ण गर्ने र फोहोरबाट मल निमार्ण गर्ने व्यवसायको हकमा गाउंपालिकाले तोके बमोजिम हुनेछ ।

### ञ) पर्यटन सेवा व्यवसाय

आवास लज होटेल फास्टफूड रेष्टूरा रिसोर्ट, ट्राभल्स एजेन्सी, कन्फ्रेन्स हल आदि

| सि.नं. | विवरण | चालू आ.व. को कर | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | | ३००। |

| | | |
|---|---|---|
| २. | ५० हजार देखी १ लाख सम्म | १०००। |
| ३. | १ लाख देखी २ लाख सम्मको | १५००। |
| ४. | २ लाख देखी ५ लाख सम्मको | २०००। |
| ५ | ५ लाख देखी २० लाख सम्म | ३०००। |
| ६ | २० लाख भन्दा बढि | ३५००। |
| ७ | रिसोर्टहरुको हकमा | ३०००। |
| ८ | होमस्टेहरुको हकमा | १०००। |

ट) संचार सेवा एफ एम समेत

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाखसम्म | ८००।०० |
| २. | १ लाख देखि २ लाख ५० हजार सम्म | १२००।०० |
| ३. | २ लाख ५० हजार भन्दा माथी | १६००।०० |
| ४. | एफ.एम.रेडियो प्रसारण | २०००।०० |

मोवाईल टावर ठुलो रू १५०००। (बार्षिक) सानोको हकमा १००००।(ठूलो टावर भन्नाले घरको छतमा राखिएका टावरहरूलाई जनाउने छ भने दुई तल्ले घर सम्मको उचाई भएका जमिनमा राखिएका टावरहरूलाई समेत ठूलो टावरको रूपमा लिईने छ ।)

## ३.वित्तीय सेवा

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | निजी क्षेत्रद्वारा संचालित वाणिज्य बैंक, विदेशी विमा कम्पनी | १०,०००। |
| २. | विकास बैंक, | ७,०००। |
| ३. | वित्तीय कारोवार गर्ने सहकारी वाहेकका संस्थाहरु | ५,०००। |
| ४. | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००। |
| ५ | १ करोड सम्म कारोवार ( वासालत) भएका सहकारी | १०००। |
| ६ | १ करोड देखी ३ करोड सम्म ( वासालत) भएका सहकारी | २०००। |
| ७ | ३ करोड देखी ५ करोड सम्म ( वासालत) भएका सहकारी | ५०००। |
| ८ | ५ करोड भन्दा माथि ( वासालत) भएका सहकारी | १००००। |

नोट: बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारीत सहकारीका हकमा वार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारीस गर्नु पर्ने भएमा प्रति सिफारीस रु.३००।० लाग्ने छ ।

## ४.स्वास्थ्य सेवा

गौह्र सरकारी अस्पताल, नर्सिङ्ग होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवासंग सम्बन्धित व्यवसायहरु

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | ५ लाख सम्मको लागि | १०००। |
| २. | ५ लाख देखि २० लाख सम्म | २५००। |
| ३. | २० लाख देखि १ करोड सम्म | ४०००। |
| ४. | १ करोड देखि ५ करोड सम्म | ६०००। |
| ५. | ५ करोड देखि माथी | ७५००। |

५. तालिम तथा प्रशिक्षण केन्द्रहरू

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
| --- | --- | --- |
| १. | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ, लगायत फोटो कपी समेत संचालन भई काम गर्ने हरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्र बाट दिइने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि । | १५०००। |

६. मर्मत सेवा

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
| --- | --- | --- |
| १. | टेक्टर, बस, ट्रक हेभी इक्युपमेन्ट, कार, जीप, सवारी वेल्डिङ मोटर पार्टस, बिलमेशीनरी एयरकुलर, टायर रिसोलिङ, डाईनामाईट | १५००। |
| २ | मोटरसाईकल | ७००। |
| ३ | रेडियो घडि टिभी आदि ईलेक्ट्रोनिक्स सामान | ५००। |
| ३ | ग्यासचुल्हो सेल्स, गाडीको पम्प, टायरट्युब पन्चर, ग्यास वल्डिङ, वक्सा मर्मत गर्ने, साइकल, रिक्सा, , लुगा सिउने मेशिन अन्य फोटोकपी, ज्याग | ४००। |

अन्य सेवा

| .न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
| --- | --- | --- |
| | वैदेशिक रोजगारीमा पठाउने संस्था हाउजिङ कम्पनी | ३,०००। |
| | उद्योग, संघसस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | १,०००। |
| | कलर ल्याव | ५,००। |
| | घरजग्गा खरिद विक्री | ४०००। |
| | विज्ञापन सेवा, फोटो स्टूडियो | १०००। |
| | व्यूटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलुन, नर्सरी | ५,००। |
| | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | ५,००। |
| | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १,०००। |
| | पंचेवाजा | निशुल्क |
| | वैण्ड वाजा | १०००। |
| | सितभण्डार | ३,०००। |
| | टेण्ड हाउस | १०००। |
| | हाफ क्याटरीङ | १,०००। |
| | साईवर क्याफे | १०००। |
| | एग्रोभेट | ७००। |
| | कवाडी पसल थोक | ३,०००। |
| | कवाडी पसल खुद्रा | २,०००। |
| | ढुवानी सेवा शाखा भएका | २०००। |
| | ढुवानी सेवा शाखा नभएको | १२००। |
| | खाना मात्र विक्री होटल | १०००। |
| | सेटरीङ व्यवसाय | १५००। |
| | १ मेसिन राखी का | थप १ मेसिन बराबर रु १०० |
| | खाद्यान्न | १०००। |

| | | |
|---|---|---|
| २२ | पेट्रोलियम पदार्थ बेच्ने पम्प | न्युनतम रु. ७००० प्रति मेसिन थप रु २०००। |
| २३ | ग्यास विकी डिलर | १०००। |
| २४ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत खुद्रा विक्रेता | १०००। |
| २५ | भाडा वर्तन,जूत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत थोक विक्रेता | २०००। |
| | डिपार्टमेन्ट स्टोर रेष्टुरेन्ट बेकरी सहितको | १००००। |
| २६ | डिपार्टमेन्ट स्टोर | ५,०००। |

## ८ उद्योग:

चक उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उत्पादनमूलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उत्पादन तार जाली उत्पादन गर्ने, , नानोकन उद्योग, काष्ठ उद्योग, डेरी उत्पादन, चिनी उद्योग, डोरी, डब्बा, बाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जा मूलक उद्योग लगायतका उद्योगहरुको हकमा ।

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | ३ लाख सम्म | ३,००। |
| २. | ३ लाख १ देखी ५ लाख सम्म | १,०००। |
| ३. | ५ लाख १ देखी १० लाख सम्म | १,५००। |
| ४. | १० लाख १ देखी २० लाख सम्म | २,०००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ३,५००। |
| ६. | १ करोड १ देखि ५ करोड सम्म | १५,०००। |
| ७ | ५ करोड देखि माथी | ३५,०००। |

## ९. ग्रिल उद्योग

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | १ लाख देखि २ लाख सम्म | ५००। |
| २. | २ लाख १ देखि ३ लाख सम्म | १०००। |
| ३. | ३ लाख १ देखि ५ लाख सम्म | १२००। |
| ४. | ५ लाख १ देखि १० लाख सम्म | १५००। |
| ५. | १० लाख १ देखि २० लाख सम्म | २५००। |
| ६. | २० लाख १ देखि माथी | ३५००। |

नोट : उल्लेखीत व्यवसायको हकमा अन्य निकायलाई गरीने सिफारीस बापतको दस्तुर थप लाग्ने छ । उल्लेखित सिफारीस बापतको दस्तुर तोकिए बमोजिम हुने छ ।

## १०.अन्य वर्गीकरण नखुलेका व्यवसाय

| सि.न. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १. | आलु प्याज, हरियो तरकारी, फलफूल थोक विक्री | ५००। |
| २. | खुद्रा तरकारी, फलफुल, पान पसल | २००। |

नोट:

१ माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा, व्यवसाय र उद्योगको किसिम हेरी माथीको कर दरमा नघट्ने गरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईने छ ।

२ गाउपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदि लाई बन्द गर्नुपर्दा आवश्यकतानुसार निरिक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारीस दिईनेछ । र सोको विवरण छुट्टै फायल खडा गरी अध्यावधिक गरी राखिने छ ।

३. व्यवसायिक फर्म नामसारी गर्दा रु ३००। राजश्व लिई नामसारी गरीने छ ।



Scanned with CamScanner

४. गाउपालिकालाइ आवश्यक परेमा (व्यवसायको किसीम निर्धारण गर्न सन्दर्भमा) तिनको व्यवसायको कारोवारको आन्तरिक राजश्व कार्यालय वा अन्तःशुल्क कार्यालय बाट कारोवार प्रमाणित विवरण माग गर्न सकिने छ साथै गाउंपालिकाले तोकेको कर्मचारी बाट निरीक्षण गरी निरीक्षण प्रतिवेदनका आधारमा कर तय गरिनेछ ।

५. यस कार्यालयलाई बुझाउनु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजस्व बुझाउन बाँकी रहेमा गाउंपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका सेवा प्रवाह बाट वञ्चित गर्न सकिनेछ ।

६. अन्य वांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रही गाउंपालिकाले तोके बमोजिम हुनेछ । बक्यौता व्यवसाय करमा १० प्रतिशत दण्ड जरीवाना तोकिएको छ ।

## ११. दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजार (व्यवसाय) कर

स्थानीय तह कार्यसञ्चालन आदेश बमोजिम यस गाउंपालिका क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजारमा (अस्थायी हाट बजार र घुम्ति पसल) प्रति दिन देहायका दरले कर लाग्नेछ ।

| सि न. | बिषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|---|
| १ | माछा, मासु बिक्रि सम्बन्धि | खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | ३०। |
| | | सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | २५। |
| | | राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | माछा विक्रि गर्ने पसल | २०। |
| | | परेवा, हासँ, लोकल, बोइलर कुखुरा पसल | १०। |
| २ | कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धि व्यवसायमा | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसलमा | १००। |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठूलो | १५०। |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल सानो | १००। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | १०। |
| ३ | तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसायमा | फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | २५। |
| | | साग सब्जी डोकामा वा डालामा ल्याई बेच्ने | १०। |
| | | भारमा सव्जी ल्याई वेच्ने | १०। |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल ठूलोमा | १५। |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल सानोमा | १०। |
| | | फलफूल सागसव्जी प्रति ट्याक्टर | ५०। |
| | | फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | ५। |
| | | पान पसल | १०। |
| ४ | खाद्यान्नसँग सम्बन्धित | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि बिक्रि गर्ने पसल | १५। |
| | | मकै पोली बेच्ने | ५। |
| | | किराना पसल | १०। |
| | | माछा मासु तरकारी विक्रि गर्ने | २०। |
| | | मिठाइ पसल | १०। |
| ५ | परम्परागत सिप सँग सम्बन्धित व्यवसाय | माटाका भाँडा बेच्ने पसल ठूलो | १५। |
| | | माटाका भाँडा बेच्ने पसल सानो | १०। |
| | | कूचो, कुनीया नांलो बेच्ने | १०। |
| | | जडिबुटी विक्रि गर्ने<br>कपाल काट्नेलाई | १०। |
| ६ | पशु चौपाय विकी | संगुरको पाठा | २५। |
| | | गाई/गोरु/रांगा | ५०। |
| | | खसी/बाखा | २५। |

प्रचलित कानुन बमोजिम गाउँ क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहीक हाटबजारमा (अस्थायी हाट बजार र घुम्ति पसल) प्रति दिन देहायका दरले कर लाग्नेछ ।

| सि.नं. | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपंक्षी बिक्रि संग सम्बन्धित | जिउँदो बस्रि, बोका, राँगा, सुंगुर बेच्नेलाई प्रतिगोटा | ८०। | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर नलाग्ने |
| | | हाँस, परेवा, कुखुरा बेच्नेलाई | १०। | |
| २ | अन्य व्यवसायसंग सम्बन्धित कर | चुरा, धागो, टीका सृंगार मनिहारी संग सम्बन्धित | १५। | नोट: माथि नपरेको व्यवसायको हकमा गाउँपालिकाले निर्णय गरी रु १। देखि रु १००। सम्म लिन सक्नेछ । |
| | | मुरली, बाँसुरी, गुलेली, थैली, जुत्ता, उडुस मार्ने औषधि बेच्ने | १०। | |
| | | खेल, तमासा देखाउने लाई | २५। | |
| | | प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २०। | |
| | | बाँस ट्याक्टर | १००। | |
| | | बाँस प्रति ट्रक | ५००। | |
| | | खटियामा सामान राखी बेच्ने | १०। | |
| | | फलामको औजार तथा सामान बेच्ने | १०। | |
| | | भाँडाकुडा पसल | १५। | |
| | | फोटो फ्रेमिङ्ग | १०। | |
| | | मर्मत (कुकर, लाईट, छाता आदी) | १०। | |

अनुसूची (५)

दफा (६) सँग सम्बन्धीत

**बन पैदावर जन्य उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु र गिट्टीढुङ्गा बालुवा/माटो करको दररेट**

चौबिसे गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा निकायले खोटो, जडिबुटी, बनपैदावर जन्य उत्पादन, गिट्टीढुङ्गा बालुवा/माटो, बनकस, कवाडी माल, ऊन र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर, प्वाँख, छाला, दारा/दात र अखेटोपहार जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत निम्न बमोजिम हुने साथै नखुलेका विवरणका हकमा गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

१.गाउँपालिकाले लगाउन सक्ने बनपैदावर कर:

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १ | खयर प्रति रुख रु | ५०।० |
| २ | उत्तिस प्रति रुख रु | २५।० |
| ३ | चिलाउने, सल्लो प्रति रुख रु | ३५।० |
| ४ | सल्लाको खोटो प्रति के.जि. रु | १०।० |

अनुसूची (६)

दफा (७) सँग सम्बन्धीत

**ट्राभल/ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, होमस्टे र र्‍याफ्टीङ्ग शुल्कको दर रेटः-** चौबिसे गाउँपालिका क्षेत्र भित्र सञ्चालित ट्राभल/ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,जिपफ्लायर, होमस्टे र र्‍याफ्टीङ्ग समेतको शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ।

अनुसूची (७)

दफा (८) सँग सम्बन्धित

**पर्यटन शुल्क**

चोबिसे गाउँपालिका भित्र पर्यटकीय स्थलहरुको पहिचान गरी त्यस्ता स्थानमा पर्यटक प्रवेश शुल्क वा पर्यटक शुल्क गाउँपालिकाले निर्णय गरी तोकिए बमोजिम हुनेछ।

अनुसूची (८)

दफा (९) सँग सम्बन्धित

**बहाल बिटौरी शुल्कको दररेट**

चौबिसे गाउँपालिका भित्र देहाय बमोजिम वहाल विटौरी शूल्क लगाईनेछ ।

१. आर सि सि घरको प्रति वर्ग फूट रु.३।०
२. ढुंगा माटोको घर प्रति वर्ग फूट रु.२।०
३. काठ वा जस्ताको वेरावाल घर प्रति वर्ग फूट रु.१.५



Scanned with CamScanner

अनुसूची (९)

दफा (१०) सँग सम्बन्धीत

## सवारी साधन करको दररेट

चौबिसे गाउँपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा यस गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक रुपमा यस गाउँपालिकाले देहायबमोजिम सवारी साधन कर उठाउँने छ:-

१. सवारी दर्ता तथा बार्षिक सवारी कर

| सि न. | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन | मोटर साईकल स्कुटर लाई बार्षिक | ५०। | चौबिसे गाउँपालिका क्षेत्रमा स्थायी बसोवास गर्ने नागरीकको हकमा मात्र बार्षिक सवारी साधन कर लिईने छ भने अन्यका हकमा पटके सवारी साधन कर लिईने छ। चौबिसे गाउँपालिकामा स्थायी बसोबास गर्नेका हकमा बार्षिक सवारी कर लिए पछि पटके सवारी कर लिईने छैन। र त्यस्ता करदाताका लागि रु. ५०। लिई परीचय पत्र दिईने छ। जुन बार्षिक रुपमा नविकरण गर्नुपर्नेछ। |
| | | ट्याक्टर | १०००। | |
| | | मिनिबस | १०००। | |
| | | कार जीप | ५००। | |
| | | पिक अप भ्यान | ८००। | |
| | | एक्जाभेटर / ट्रक/बस | २५००। | |
| | | | | |

२.गाउँपालिकाले लगाउने पटके सवारी कर

| सि.नं. | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|
| १ | निजी तथा भडाका बस, ट्रक, टयांक्टर, लहरीमा प्रति पटक | १५। |
| २ | निजी तथा भाडाका कार, जीप, भेन प्रतिपटक | १०। |
| ३ | विदेशी नं. प्लेट भएका १ बमोजिमका सवारी साधनको हकमा | १००। |
| ४ | विदेशी नं. प्लेट भएका २ बमोजिमका सवारी साधनको हकमा | ५०। |

नोट: सरकारी गाडीहरु, कुटनैतीक नियोगका गाडीहरु, दमकल र एम्बुलेन्समा पटके सवारी कर लिन नपाईने ।

३. सवारी पार्किङ्ग शुल्क

स्वदेशी सवारी साधनमा गाउपालिकाले लगाउने पार्किड.शुल्क:

क. बस, ट्रक, लरी अन्य हेभी गाडी रु.१५

ख. माईक्रो,कार अन्य साना गाडी रु.१०

ग. विदेशी बस,ट्रक,लरी अन्य हेभी गाडी रु.३०

घ. विदेशी माईक्रो,कार अन्य साना गाडी रु.२५

*सवारी पार्किङ स्थान गाउपालिकाले तोके बमोजिम हुनेछ ।*

अनुसूची (१०)
दफा (११) सँग सम्बन्धित
**मनोरञ्जन करको दररेट**

१. गाउँपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरुबाट कुल सिट संख्याको ३५ प्रतिशत सिटलाई पुरा सिट संख्या मानि प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको २ प्रतिशत हुने रकम मनोरञ्जन कर बापत असुल गर्न सकिने छ। माथि उल्लेख भए बमोजिम प्रति टिकटमा मनोरञ्जन कर लिईने व्यवस्था नभए सम्मका लागि बार्षिक रु ७,०००। मनोरन्जन करको रुपमा कर रकम लिईनेछ।

२. सांकृतिक प्रदर्शन हल, नाच घर, दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्रि प्रदर्शनिमा प्रवेश शुल्कमा दुई प्रतिशत मनोरञ्जन कर लाग्नेछ।

३. जादु, सकर्श, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत अनुमतिका लागि गरिने सिफारीसका दस्तुरका अतिरीक्त प्रत्येक दिन रु. २००। लिईने छ।

अनुसूची (११)
दफा (१२) सँग सम्बन्धीत
**विज्ञापन करको दररेट**

चौबिसे गाउपालिका क्षेत्र भित्र हाल व्यवसायी हिसाबमा कूनै पनि व्यवसायिक प्रतिष्ठानहरु विज्ञापनको लागी पूग्ने सम्भावना न्यून रहेको हुदा स्थान र आकार हेरि आवश्यकताका आधारमा प्रति फूटको हिसावले गाउँपालिकाले निर्णय गरि तोक्न सक्ने छ।

अनुसूची (१२)
दफा (१३) सँग सम्बन्धीत
**सेवा शुल्कको दररेट**

चौबिसे गाउँपालिका क्षेत्र भित्र निर्माण, सञ्चालन वा ब्यवस्थापन गरेका देहायका पूर्वाधार र उपलब्ध गराइने सेवामा सेवाग्राहीबाट देहायबमोजिम शुल्क लगाईनेछः-

१) दस्तुर तर्फ :

क) सिफारीसहरुको हकमा:

| सि. नं. | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्बन्धि सिफारीस | मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस | १००। | एक रोपनी भन्दा माथि प्रति रोपनि थप रु. ५०। |
| | | जग्गा नामसारी सिफारीस | २५०। | एक रोपनी भन्दा माथि प्रति रोपनि थप रु.५। |
| | | मोही लगत कट्टा सिफारीस | १५०। | एक रोपनी भन्दा माथि प्रति रोपनि थप रु. ५०। |
| | | अपुताली सिफारीस दस्तुर | १०००। | एक रोपनी भन्दा माथि प्रति रोपनि थप रु. २०। |

| | | | | |
|---|---|---|---|---|
| | | चार किल्ला सिफारीस | १५०। | थप प्रति रोपनि रु.५। एउटै सिफारीसमा फरक ठाउँको जग्गा भए एउटै सिफारीसलाई मान्यता दिने |
| | | निवेदन दस्तुर | १०। | |
| | | पक्की घर प्रमाणीत | ४००। | |
| | | कच्ची घर प्रमाणीत | २००। | |
| | | बसोबास प्रमाणीत | ३००। | |
| | | व्यवसायिक घर कोठा खोल्ने | ७००। | |
| | | आवासिय घर कोठा खोल्ने , घर नामसारी | ४००। | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ३००। | एक रोपनि भन्दा बढिका लागी प्रति रोपनि रु ५०। |
| | | उद्योग सम्बन्धि घरमा आगलागि | २५०। | बीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | साना घरेलु उद्योगमा आगलागि सिफारीस | ५००। | बीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | मझौला उद्योगमा आगलागि सिफारीस | १०००। | बीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ठूला उद्योगमा आगलागि सिफारीस | १५००। | बीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | सर्वसाधारणको घर टहरामा आगलागि सिफारीस | निशुल्क | |
| | | नक्सा पास किताव दस्तुर | ५००। | लागु भएको अवस्थामा |
| | | संघसंस्थाको बैंक खाता खोल्दा | २००। | रु तिन लाख सम्ममा रु ५० सो भन्दा माथि १० लाख सम्ममा रु २०० सो भन्दा वढी रु ३०० |
| | | | | |
| | | नाम, उमेर थर लगायत संसोधन | २००। | |
| | | व्यवसाय प्रमाण पत्र दस्तुर | २५०। | |
| | | पक्की घर कायम सिफारीस वा घर निमार्णाधिन रहेको सिफारीस | ७५० वर्गफिट सम्मको घरमा ३१०। | सो भन्दा माथिको हकमा प्रति वर्ग फुट रु १ प्रारम्भ देखि |
| | | टिनको छाना भएको कच्की घर कायम सिफारीस | ३००। | जति क्षेत्रफल भए पनि |
| | | कच्ची घर सिफारीस | २००। | |
| | | तिनपुस्ते खुल्ने सिफारीस | ३००। | |
| २ | नागरीकता संग सम्वन्धित सिफारीस | नागरीकता प्रमाणपत्र सिफारीस | २००। | |
| | | नागरीकता सर्जिमिन | ३००। | |
| | | नागरीकताको प्रतिलिपी | २००। | |
| | | अंगीकृत नागरीकता | ८००। | |
| | | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | ८००। | |
| | | विवाह प्रमाणीत | ३००। | |

| | | | | |
|---|---|---|---|---|
| ३ | पंजीकरणसंग सम्बन्धि प्रमाणीत सिफारीस | जन्म प्रमाणीत | ३००। | |
| | | मृत्यु प्रमाणीत | ३००। | |
| | | बसाईसराई प्रमाणीत | ३००। | |
| | | अविवाहीत प्रमाणीत | ३००। | |
| ४ | व्यक्तिसँग सम्बन्धित सिफारीस | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोबास भएका लागी | २१०। | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन लाग्ने छ। |
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस चौविसे गापा मा स्थायी बसोवास नभएको हकमा | ३१०। | |
| | | नेपाली पेन्सन पट्ट बहाकका लागि गरेको जुनसुकै सिफारीस | ३००। | |
| | | भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | ८००। | |
| | | अन्य देशका पेन्सन बहाकको हकमा | १५००। | |
| | | कृषि संग सम्बधित सिफारीसको हकमा | २१०। | |
| | | बैदेशीक रोजगारीमा मृत्यु हुनेको सिफारीस | निशुल्क | |
| | | व्यवसाय बन्द सिफारीस | २५०। | |
| | | पसल कोठामा आगजनी भएको | निशुल्क | |
| | | नाता प्रमाणीत नेपालीमा | ३००। | |
| | | नाता प्रमाणीत अग्रेजीमा | ५००। | |
| | | सबै प्रकारका अंग्रेजी सिफारीस | ५००। | |
| | | सहुलीयत काठको सिफारीस | २००। | दाउराको प्रयोजन भए प्रति ट्याक्टर रु ५००। |
| | | अन्य माथि उल्लेख नभएका सिफारीस | ३००। | |
| | | विद्युत सिफारीस | २००। | सकुम्वासी समेतको हकमा । |

ख) अमिन बाट गरीने सबै प्रकारका सिफारीसहरु

| सि.न. | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|---|
| १ | माग निवेदको आधारमा जग्गा छुट्याउने काम | १ रोपनि सम्मको | ३००। | घर बनाउन /अन्य किचलो परी जग्गा छुट्याउनु परेमा थप रु ३००। |
| | | १ रोपनि देखि माथी ५ रोपनि सम्म | ५००। | |
| | | ५ रोपनि माथी १० रोपनि सम्म | ७००। | |
| | | १० रोपनि माथि २० रोपनि सम्म | [illegible] | |
| | | २० रोपनि देखि माथि ३[illegible] रोपनि सम्म | [illegible] | |

| | | | | |
|---|---|---|---|---|
| | | सो भन्दा बढी जति सुकै भएपनि | २५००।० | |
| २ | दुरी प्रमाणीत लगायतका अन्य अमिन संग जोडिएका सिफारीसहरु | बैंकिङ प्रयोजनका लागी । | ५००। | |
| | | सर्वसाधारण संग जोडीएका सिफारीस | २५०। | |
| | | किचलो परी आएको हकमा | ७००। | |
| | | माथि उल्लेखीत बाहेकको हकमा | ५००। | |

ग) उद्योग लगायतका सिफारीसहरू

| सि.न. | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारीस | चाउचाउ उद्योग | १०००। | |
| | | विष्कुट उद्योग | १०००। | |
| | | चप्पल उद्योग | १०००। | |
| | | सलाई उद्योग | १०००। | |
| | | प्लाई उद्योग | २०००। | |
| | | सस उद्योग | २०००। | |
| | | कपडा उद्योग | ६००। | |
| | | बरफ उद्योग | ६००। | |
| | | कन्फेसनरी उद्योग | १५००। | |
| | | काष्ठ उद्योग | १५००। | |
| | | स मिल सहितको काष्ठ उद्योग | २५००। | |
| | | फर्निचर मात्र | १०००। | |
| | | ग्यारेज | १०००। | |
| | | गाडी मोटर साईकल | ५००।० | |
| | | पेट्रोल पम्प | ५०००। | |
| | | मट्टितेल डिलर | २०००। | |
| | | स्टेशनरी उद्योग | १५००। | |
| | | डिस्टीलरी उद्योग | ३०००। | |
| | | हल्का पेय पदार्थ | २०००। | |
| | | प्लाष्टीक उद्योग | ५०००। | |
| | | पाउरोटी केक | १०००। | |
| | | ग्रील उद्योग | १०००। | |
| | | गलैचा उद्योग | २०००। | |
| | | गामेन्ट उद्योग | १५००। | |
| | | भजीया मिल | १०००। | |
| | | ईटा उद्योग आधूनीक भट्टा जडित | ७०००। | |
| | | ईटा तथा टायल आधूनीक यन्त्र जडान नगरीएको | ५०००। | |
| | | पशु आहार | ५००। | |
| | | तामा आल्मुनीयम जस्ता धातू उद्योग | १०००। | |
| | | प्रेश बाहेक प्रन्टीङ | १५००। | |
| | | जुस उद्योग | १०००। | |
| | | डेरी उद्योग | १०००।० | |
| | | चुरोट विडी | ५०००। | |

| | | | |
|---|---|---|---|
| | बेतबांस फर्निचर | ५००। | |
| | लूब्रिकेन्ट उद्योग | १५०००। | |

(घ) निजी शिक्षण संस्था दर्ता एवम् अन्य कामका लागि सिफारीस

| सि.नं. | विषय विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|
| १ | पूर्व प्राथमिक (मन्टेश्वरी) | १५००। | |
| २ | आधारभूत तह | ४५००। | |
| ३ | माध्यमिक | ७०००। | |
| ४ | क्याम्पस | १७०००। | |
| ५ | प्राविधिक शिक्षण संस्था | ७०००। | |
| ६ | स्तर बृद्धी सिफारीस | २५००। | प्रति विषय |

(ङ) घरबाटो प्रमाणीत (अंशवण्डा, हकछोड्ने (सरकारी प्रयोजनका लागि मात्र) परिवार भित्र नामसारी, बकस, दाईजो आदिको हकमा)

सार्वजनिक अनूदान वा यस्तै प्रकारका अन्य

| सि.नं. | विषय विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|
| १ | अंशवण्डा, नामसारी, बकस, दाईजो सिफारिस | ३००। | |
| २ | सार्वजनिक अनुदान सम्वन्धि सिफारिस | ३००। | |
| ३ | सर्जमिन मुचुल्का, चारकिल्ला सहितको सिफारिस | ५००।० | |

च) घरनक्सा बनाउने ईन्जिनियरीङ्ग कन्सलटेन्सी

| सि.नं. | विषय विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता/नवीकरण शुल्क | ३०००। | |

छ) घरबाटो प्रमाणीत (राजिनामा/विक्री प्रयोजनका लागि)

| सि.नं. | विषय विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|
| १ | मुख्य सडकमार्ग संग जोडिएका बुधबारे, सौर्य, साम्मेवा,राजारानी, लाफा चोक जग्गाहरुको हकमा प्रति रोपनि (क वर्गको बाटोको हकमा) | ५००। | |
| २ | मुख्य सडक मार्ग दायाबाया १ किमी सम्म प्रति रोपनि रु (ख वर्गाको बाटो) | ३००। | |
| ३ | प्लटिङ जग्गाहरु प्रति रोपनि रु | ५००। | |
| ४ | ग्राभेल सडकले छोएका जग्गाहरू प्रति रोपनि रु | २००। | |
| ५ | कच्चि सडकले छोएको जग्गाहरू प्रति रोपनि रु | १५०। | |
| ६ | खेतियोग्य जमिन रु | २००। | |

गुठी जग्गाको विक्री प्रयोजनका लागि गरीने सिफारीसमा न्यूनतम रू ३००। घर भए प्रति घर रू ५००।

(ज) घरनक्सा पास दस्तुर

| सि.नं. | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | १००० बर्गफुट सम्म नक्सा पास गर्दा प्रतिबर्गफुट | २। | |
| | | १००१ बर्गफुट १५०० सम्मको लागि प्रतिबर्गफुट | २.५०। | |
| | | १५०१ देखि २५०० बर्गफुट सम्मको लागि | ३.५०। | |
| | | २५०१ बर्गफुट देखि ४००० बर्गफुट सम्मको लागि | ४.५०। | |
| | | ४००१ बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | ५.००। | |
| | | पर्खाल प्रति रनिङ्ग फिट | ६। | |
| | | काठको घर वा टाँडे घर प्रति बर्ग फुट | २। | |
| | | भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको प्रतिबर्गफुट | ३.००। | |
| | | अस्थायी टहरा निर्माण | २००। | |
| २ | घर नक्सा नामसारी दस्तुर | १००० वर्गफिट सम्मको घर नक्सा नामसारी | ५००। | (क) घर जग्गा धनीको मृत्यु भई प्रचलित कानून बमोजिम एका सगोलका परिवारमा नामसारी गर्नु पर्दा निःशुल्क। |
| | | १०००१ देखि २००० वर्गफूट सम्मको घर नक्सा नामसारी | ७००। | |
| | | २००१ देखि ३००० बर्गफूट सम्मको घर नक्सा नामसारी | ८००। | |
| | | ३००१ देखि ४००० बर्ग फुट सम्मको | १०००। | |
| | | ४००१ देखि ५००० बर्ग फुट सम्मको | १२००। | |
| | | ५००१ बर्गफुट भन्दा माथि प्रति बर्गफुट | रू ०.५०। | |
| ३ | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | ३००। | | गाउँपालिकाले भवन संहिता लागू गरे पछि वा सो पूर्व परामर्शदाता वा छुट्टै कर्मचारीबाट नक्सा र निर्मित घरको भेरीफीकेशन, संहिता पालनाका विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्नेछ। |
| | लेआउट दस्तुर | २००। | | |
| | सार्वजनिक पूर्वाधार मर्मत दस्तुर | १००। | | |
| | थ्रिफेज लाईन जडान सिफारीस | ४००। | | |
| | खानेपानीको धारा जडान | २००। | | |
| | संस्था दर्ता सिफारीस | ५००। | | |
| | सिनेमा हल खोल्ने सिफारीस | १००००। | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | मेला सर्कस अनुमति सिफारीस | १०००। | |
| | टेलीफोजन जडान सिफारीस | १००। | |
| | रिक्सा ठेला दर्ता, नविकरण तथा नामसारी दस्तुर | ५०। | |
| | जुनसुकै प्रकारका सरजमिन | ३००। | |
| | माथि उल्लेख नभएका दस्तुरको हकमा | ३००। | |
| ४ | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | ३००। | |
| | घरको नक्साको प्रतिलिपी | ३००।० | |
| | अन्य प्रमाण-पत्र | ३००। | |

क्र.अन्य सेवा शुल्क

| सि.नं | विषय | विवरण | आ.व. २०७५/०७६ का लागि निर्धारित |
|---|---|---|---|
| १ | सेवा सुल्क | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | प्रति लाख रु. २०। |
| | | आयश्रोत मूल्यांकन प्रमाणित शुल्क | प्रतिलाख रु.२०। |
| | | सार्वजनिक शौचालय प्रयोगमा | दिशा गरेको रु.१०। पिसाब फेरेको रु.५। |
| | | फोहोरमैला व्यवस्थापन सेवा शुल्क | PPP को माध्यमबाट तय भए पछि गाउंपालिकाले तोके बमोजिम हुने । |

अनुसूची (१३)

दफा (१५) सँग सम्बन्धीत

## जरिवाना

...सी गाउँ पालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक/फुटपाथमा ब्यापार ब्यवसाय गर्ने सवारी ...न पार्किङ्ग गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून बिपरितका ... पनि कार्य गरे गराएमा गाउँपालिकाले देहायबमोजिम जरिवाना असूल उपर गरिनेछ।

| सि.न. | विवरण | आ.ब. २०७५/०७६ का लागि निर्धारित | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | रु. ५०। | अन्यत्रबाट बसाई सरी आएका र बसाई सर्नुपूर्व अन्यत्र बाटै व्यक्तिगत घटना दर्ता गर्नु पर्नेमा सो नगरी बसाई सरे पछि यस गाउंपालिकामा दर्ता हुने व्यक्तिगत घटनादर्ताको हकमा थप रु १५०। |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपि शुल्क | रु. ५०।- | |
| | व्यक्तिगत घटना दर्ता अन्य शुल्क | रु १००।- | जरिवाना स्वरुप |
| ९ | निशेधित क्षेत्रमा फोहोर फाल्नेका हकमा | ५०० देखि १५००० सम्मको | निशेधित क्षेत्र गाउँपालिकाले तोक्ने सो को सूचना स्थानीय रेडियो र पत्रपत्रिका मार्फत जानकारी गराईने छ |
| १० | निशेधित प्लास्टिक प्रयोग गर्नेका हकमा | १००० देखि १५००० सम्म | प्लास्टिक निशेधित क्षेत्र घोषण भए पछि कार्यान्वयन हुने र सो को सूचना स्थानीय रेडियो र पत्रपत्रिका मार्फत जानकारी गराईने छ। |
| ११ | जथाभावि चौपाया छोड्नेका हकमा | प्रतिदिन ५० देखि ५०० सम्म | गाई, भैसि, गोरुको रु ५०। जरीवाना र खाना खर्च रु १५० प्रतिदीन।<br>बाछा बाछि र पाडापाडिको हकमा सो को पचास प्रतिशत<br>माथि उल्लेखित बाहेकका चौपायाको हकमा जरीवाना रु १००। र खुराकी १००। प्रतिदिन। |
| १२ | एकीकृत सम्पत्ति कर / मालपोतको हकमा एक बर्ष सम्मको बक्यौताका लागि | १० प्रतिशत | |
| १३ | एकीकृत सम्पत्ति कर / मालपोतको हकमा दुई बर्ष सम्मको बक्यौताका लागि | १५ प्रतिशत | |
| १४ | एकीकृत सम्पत्ति कर / मालपोतको हकमा दुई बर्ष भन्दा बढि बक्यौताका लागि | २५ प्रतिशत | |
| १५ | व्यवसायको बक्यौता | १० प्रतिशत | ३ बर्ष भन्दा माथिका बक्यौताको हकमा १५ प्रतिशत जरीवाना लाग्नेछ। |



Scanned with CamScanner